# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ३ संख्याः ०७ मितिः २०७६/१२/१६

भाग — २

## कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टाइन र कोरोना कोष संचालन तथा व्यस्थापन गर्न बनेको मापदण्ड, २०७६

गाउँ कार्यपालिका वैठकबाट स्वीकृत मितिः २०७६/१२/१३

प्रस्तावनाः कोरोना भाइरसको संक्रमणबाट लाग्न सक्ने रोगबाट नागरिकहरुलाई क्वारेन्टाइनमा तथा कोराना कोष संचालन तथा व्यवस्थापन गर्न सुरक्षित तथा सुव्यवस्थित तरिकाले राखी त्यस्ता व्यक्ति र समाज दुवैलाई सुरक्षित राख्न प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम रूपा गाउँ कार्यपालिकाको वैठकबाट यो मापदण्ड तयार गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम कोरोना भाइरस सम्बन्धी क्वारेन्टाइन र कोरोना कोष सन्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६ रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

क) क्वारेन्टाइन भन्नाले कुनै रोगको संक्रमण फैलन सक्ने अवस्थालाई आँकलन गरी उक्त संक्रमित इलाका वा संक्रमितको सम्पर्कमा रहेका वा आवास वा होटलमा रहेका सम्भावित जोखिम भएका व्यक्तिलाई बाह्य सम्पर्कबाट छुट्टयाई तोकिएको स्थान वा घरमा कम्तीमा १४ (चौध) दिनसम्म वा PCR नेगेटिव नआउँदा सम्म अलग्गै राखिने अवस्थालाई जनाउँछ ।

ख) सम्भावित जोखिम भएका व्यक्ति भन्नाले COVID-19 रोग फैलिएको देशबाट आएका वा सो देशबाट ट्रान्जित भई आएका व्यक्ति वा सतह मार्गबाट आएका व्यक्ति, COVID-19 रोग लागेका व्यक्तिसँग सम्पर्कमा आएका व्यक्ति, COVID-19 रोग लागेका व्यक्तिलाई हेरचाह वा उपचार गरेका व्यक्ति र कोरोना

संक्रमितसँग कुनै प्रकारले सम्पर्कमा आएका व्यक्ति सम्झनु पर्छ ।

ग) क्वारेन्टाइन क्षेत्र भन्नाले यस मापदण्ड बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ ।

घ) गाउँपालिका भन्नाले रूपा गाउँपालिका भन्ने बुझ्नुपर्छ ।

ङ) कोरोना कोष भन्नाले कोरोना रोकथान नियन्त्रण तथा उपचारको लागि छुटाएको कोरोना शिर्षक वा विपद शिर्षक छुटाएको रकम भन्ने वुझ्नु पर्छ ।

च) होम क्वेन्टाइन भन्नाले नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको नियम पालना गरी आफ्नो घरमा/ छुटैं कोठामा बस्ने अवस्थालाई जनाउँछ ।

३. मापदण्डको पालनाः (१) निर्माण हुने व तोकिने क्वारेन्टाइन देहायको मापदण्ड बमोजिमको हुनु पर्नेछ ।

क) सम्भव भएसम्म घनाबस्तीबाट छुट्टै (टाढा) रहेको,

ख) सञ्चार, स्वास्थ्य, सडक, पानी, बिजुलीको पूर्ण व्यवस्था भएको,

ग) सम्भव भए सम्म कम्तिमा दश जना भन्दा बढी व्यक्तीलाई राख्न सक्ने क्षमता भएको,

घ) तयारी भौतिक पूर्वाधारलाई प्राथमिकता दिने,

ङ) सरकारी, संस्थान, सामुदायिक तथा सार्वजनिक भौतिक संरचनाहरु जस्तै होस्टेल, तालिम केन्द्र, होटल, सरकारी संरचना क्वारेन्टाइनका रुपमा प्रयोग गर्ने,

च) खण्ड (ङ) बमोजिमको संरचना उपलब्ध नभएमा खुल्ला मैदानमा पाल वा अन्य अस्थायी पूर्वाधार तयार गरी क्वारेन्टाइनका रुपमा प्रयोग गर्न सकिने,

छ) गर्भवती महिला, दश वर्षसम्मका बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तीका लागि प्राथमिकता दिई अलग्गै क्वारेन्टाइनको व्यवस्था गर्ने,

(२) मापदण्ड अनुसार समिति गठन गरी क्वारेन्टाइन स्थलको स्थापना, व्यवस्थापन र सञ्चालन गर्नेछ ।

(३) गाउँपालिका स्थान अभाव भएमा नजिकको अन्य स्थानीय तहमा रहेका क्वारेन्टाइनमा सम्भावित जोखिम व्यक्तिलाई राख्न सकिनेछ ।

४. क्वारेन्टाइनको भौतिक पूर्वाधारः (१) क्वारेन्टाइनस्थलमा देहाय बमोजिमको भौतिक पूर्वाधार हुनुपर्नेछः

क) क्वारेन्टाइनमा खटिने स्वास्थ्य र सफाई टिमको लागि छुट्टै भवन वा ब्लक रहेको,

ख) बन्दोबस्ती कार्यमा खटिएका व्यक्ति तथा सुरक्षा टोलीलाई बसोबासको लागि बाहिरी घेरामा स्थान वा संरचना उपलब्ध भएको,

ग) सम्भव भएसम्म शौचालय सहितको कोठा र सो नभएमा न्यूनतम प्रति कोठा अधिकतम ६ जनाको दरले छ जनाका लागि एउटा साझा शौचालय र स्नानगृह भएको, सो नभए RDT वा PCR चेक भएकालाई र नभएकालाई अर्को छुट्टै शौचालय भएको ।

घ) विद्युत, पानी लगायतका आधारभूत सेवाको उपलब्धता,

ङ) न्यूनतम टेलिफोन सेवाको व्यवस्था,

च) संभावित विपद तथा अगलागीबाट सुरक्षित,

छ) कोठाको व्यवस्थापन (प्रति व्यक्ति ७५ वर्ग फिटको स्थान वा एक खाटदेखि अर्को खाटको बीच न्यूनतम दुरी ३.५ फिट हुनुपर्ने)

   अ) एक व्यक्ति एक खाट र सम्भव नभए बाक्लो फोम वा मेट्रेस भएको,

   आ) Personal Hygiene Kits/Dignity Kits, फोहोर फाल्ने डस्टविन,

   इ) सम्भव भएसम्म हावा चल्ने कोठा ।

ज) नियमित सरसफाई भएको हुनुपर्ने,

५. स्वास्थ्यकर्मीको व्यवस्थापनः (१) क्वारेन्टाइनस्थलमा स्वास्थ्य सामग्री सहितका प्रति पचास जनाका लागि देहाय बमोजिमका स्वास्थ्यकर्मीकहरु राख्ने व्यवस्था गर्नु पर्नेछः

i. पारामेडिक अधिकृत छैठौं/पाँचौं अ.हे.व.- १ जना

ii. स्वास्थ्य परिचारिका - १ जना

iii. ल्याव टेक्निसियन (Lab Technician) - १ जना (आवश्यकता अनुसार)

iv. अ.न.मि./स्टाफ नर्स - १ जना (आवश्यकता अनुसार)

v. क्वारेन्टाइनमा २४ घण्टा Ambulance वा छुटै गाडी

६. फोहर व्यवस्थापनः (१) फोहर व्यवस्थापनका लागि आवश्यकता बमोजिमका जनशक्ति हुनुपर्नेछः

७. बासस्थान तथा बन्दोबस्तीको व्यवस्थापनः (१) क्वारेन्टाइनमा बस्ने व्यक्तिहरु, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुको लागि खानेपिन (अनुसूची १ बमोजिम) सहितको बासस्थान एवं क्वारेन्टाइनस्थलभित्रको बन्दोबस्ती स्वास्थ्य शाखाको हुनेछ ।

(१) स्वस्थ खाना र शुद्ध पिउने पानीको व्यवस्था गर्ने, र

(२) बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती तथा दिर्घरोगीहरुलाई आवश्यकता अनुसारको खानाको व्यवस्था गर्ने ।

८. सुरक्षा व्यवस्थाः (१) क्वारेन्टाइनस्थलको सुरक्षा व्यवस्था देहाय बमोजिम हुनु पर्नेछः

क्वारेन्टाइनस्थलको २४ सै घण्टा सुरक्षा व्यवस्थाको लागि स्थान विशेषको आवश्यकता अनुसार छुट्टै सुरक्षाकर्मी तयार गरी आवश्यक प्रशिक्षण तथा स्वास्थ्य उपकरण सहित खटाउने,

(१) क्वारेन्टाइनमा लैजानुपर्ने व्यक्तीहरुको यातायातको स्कर्टिङ्गको लागि छुट्टै टोली र सवारी साधनको व्यवस्था गर्ने,

(२) सुरक्षा स्थितिलाई मध्यनजर गरी आवश्यकता अनुसार अन्य थप सुरक्षा व्यवस्था गर्नुपर्ने,

(३) Access Control को लागि सम्भव भएसम्म Infrared Gun समेतको व्यवस्था गर्नुपर्ने,

(४) सुरक्षाकर्मीको खानपिन र ब्यारेकको व्यवस्था छुट्टै हुनुपर्ने, र

(५) क्वारेन्टाइन सुरक्षा व्यवस्थाको लागि इलाका प्रहरी कार्यालयबाट प्रहरी र नगर प्रहरी हुनुपर्ने । दुवै प्रकारको जनशक्ति अभाव भए छुटै स्वयमसेवक नियुक्ति गर्ने ।

९. जनशक्ती व्यवस्थापनः प्रत्येक तीस जना क्षमताको क्वारेन्टाइनस्थलको लागि देहाय बमोजिमका जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछः

(१) स्वास्थ्यकर्मी — दफा ५ को उपदफा (१) मा उल्लेख भए बमोजिम

(२) सरसफाई कर्मचारी — दफा ६ को उपदफा (१) मा उल्लेख भए बमोजिम

(३) सुरक्षाकर्मी — आवश्यकता अनुसार प्रहरी वा नगर प्रहरी खटाउन वा स्वंयसेवक खटाउने ।

१०. सरसफाई तथा फोहोर मैला व्यवस्थापनः (१) सरसफाई तथा फोहोर मैला व्यवस्थापनका निमित्त देहायका कार्यहरु गर्नुपर्नेछः

(१) नुहाउने तथा कपडा धुनको लागि पानी,

(२) सफाईको अनुगमन,

(३) भवन तथा क्वारेन्टाइन क्षेत्रको उचित सफाईको व्यवस्था गर्ने,
फोहोरको उचित व्यवस्थापन गर्ने,
सेफ्टी ट्यांकीको व्यवस्थापन गर्ने, र

(४) क्वारेन्टाइन खाली भए पश्चात ७२ घण्टासम्म प्रयोगमा नल्याउने र Disinfection पश्चात मात्र प्रयोग गर्ने ।

११. आर्थिक व्यवस्थापनः (१) क्वारेन्टाइनस्थलको संचालन तथा व्यवस्थापनका निमित्त आवश्यक पर्ने रकम कोरोना भाइरस संक्रमण, रोकथाम तथा उपचार कोषबाट व्यहोरिनेछ ।

(२) क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुलाई तथा क्वारेन्टाइनमा खटिने जनशक्तिलाई प्रति दिन प्रति व्यक्ति बढीमा ५०० रकम बराबरको खाना खाजा खर्च उपलब्ध गराइनेछ ।

(३) क्वारेन्टाइनमा रहेका व्यक्तिहरुलाई उपलब्ध गराइने खाजा खाना छुट्टै होटलबाट व्यवस्थापन हुनेछ र होटललाई गाउँपालिकाबाट भुक्तानी हुनेछ वा होटल उपलब्ध नभएको अवस्थामा छुटै भान्से नियुक्ति गरी क्वान्टिन संचालन गर्न सकिने छ ।

(४) भान्से र स्वयंसेवकको पारिश्रमिक दैनिक ८००/- अक्षरुपी (आठ सय मात्र)

(५) क्वारेन्टाइन तथा आइसोलेन मा प्रयोग हुने गरी भाडा -सम्झौता अनुसार

१२. विभिन्न समितिहरुः (१) क्वारेन्टाइन संचालन तथा व्यवस्थापनका लागि सल्लाहकार समूह, संचालन, व्यवस्थापन तथा अनुगमनका निमित्त निम्नानुसारका समितिहरु रहनेछन र समिति संचालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

क) अनुगमन तथा सुपरीवेक्षण समितिः

(१) गाउँपालिका अध्यक्ष- संयोजक

(२) गाउँपालिका उपाध्यक्ष- सदस्य

(३) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(४) प्रमुख स्वास्थ्य इकाई- सदस्य सचिव

ख) क्वारेन्टाइन संचालन तथा व्यवस्थापन समितिः

(१) सम्बन्धीत वडाध्यक्ष- संयोजक

(२) इ.प्र.का. ईन्चार्ज- सदस्य

(३) वडाध्यक्षले तोकेको ४ जना- सदस्य

(४) स्वास्थ्य इकाई प्रतिनिधि- सदस्य सचिव

१३. क्वारेन्टाइनमा रहने व्यक्तिहरुले पालना गर्नुपर्ने आचारसंहिता देहाय बमोजिम हुनेछः

क) सबैले सम्मानजनक र नम्र व्यवहार गर्ने, सहयोगी बन्ने,

ख) जाति, धर्म, वर्ण, लिङ्ग, भाषा-भेषभुषा, भेग वा अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने,

ग) सूर्तिजन्य, नशालु, तथा मादक पदार्थ सेवन नगर्ने,

घ) अशिष्ट, अभद्र र अस्वभाविक आचरण नगर्ने,

ङ) रिसाउने, झै-झगडा गर्ने र घाउचोट पुर्याउने कार्य नगर्ने,

च) सभ्य र शोभनीय पोशाक मात्र लगाउने,

छ) कुनै पनि नकारात्मक गतिविधि, लोभलालच, हो-हल्ला, अत्याउने कार्य, अनावश्यक टिकाटिप्पणी नगर्ने,

ज) तोकिएको स्थानमा मात्र रहने,

झ) अरुलाई बाधा हुने वा हिनताबोध गराउने कार्य नगर्ने नगराउने,

ञ) आत्मियताको विकास गर्दै शान्त र सौहार्दपूर्ण वातावरण सिर्जना गर्न सहयोग गर्ने,

ट) कुनै पनि बाह्य व्यक्ति क्वारेन्टाइन क्षेत्रभित्र वा नजिक देखिएमा जानकारी गराउने तथा कुनै किसिमको पशुपंक्षी नजिक देखिएमा सो को जानकारी गराउने,

ठ) Quarantine मा रहेका व्यक्तिहरु भाग्ने वा भाग्न कोशिष गरेको देखेमा वा शंका लागेमा तुरुन्त खबर गर्ने,

ड) प्राप्त सुविधाहरु आपसी समझदारीका आधारमा उपभोग गर्ने, र

ढ) उपलब्ध सरसामानहरुको हिफाजत र समुचित प्रयोग गर्ने ।

१४. गर्न हुने/नहुने कार्यहरुः क्वारेन्टाइनमा बस्नेले देहाय बमोजिम गर्नुपर्नेछः

क) गर्नुपर्ने कार्यहरुः

(१) स्वास्थ्य सम्बन्धी

(क) खोक्दा हाछ्युँ गर्दा नाक र मुख अनिवार्य रुपमा छोप्ने र छोप्न लगाउने,

(ख) Flu-like symptoms रुघा खोकीको लक्षण देखिएमा चिकित्सकको परामर्श लिई हाल्ने ।

(ग) रुघा खोकी लागेका व्यक्तीहरुबाट टाढा बस्ने र उनीहरुलाई सकेसम्म छुट्टै बासस्थानको समेत व्यवस्था मिलाउने ।

(घ) फर्किएका व्यक्तिहरुलाई जंगली वा घरपालुवा पशुपंक्षिबाट टाढा राख्ने, बस्ने लगाउने ।

(ङ) पशुजन्य मासु र अण्डा राम्रोसँग पाकेको एकिन गरी मात्र खाने खुवाउने व्यवस्था मिलाउने ।

(च) कुनै पनि किसिमको पशुपंक्षिहरुलाई नजिक सम्पर्कमा आउन नदिने,

(छ) उपलब्ध गराएको खानेकुरा मात्र खाने ।

(२) सुरक्षा सम्बन्धी

(क) संक्रमित व्यक्तिहरुलाई यथाशिघ्र नजिकको अस्पतालको Isolation मा पठाउने,

(ख) क्वारेन्टाइनको सुरक्षाको लागि परिचालन गरिएका सुरक्षाकर्मीले उपलब्ध गराएको व्यक्तिगत स्वास्थ्य

सुरक्षा उपकरण अनिवार्य रुपमा लगाउने तथा आफ्नो व्यक्तिगत सुरक्षप्रति जिम्मेवार रहने,

(ग) डिउटीमा सदैव उच्च सतर्कता अपनाउनु पर्ने (अनाधिकृत व्यक्ति बाहिरबाट भित्र र संक्रमित बिरामीलाई भित्रबाट बाहिर जान नदिने)

(घ) क्वारेन्टाइन क्षेत्र वरपर हुलदंगा र जमघट हुन नदिने, भएको अवस्थामा इलाका प्रहरीको सहयोगमा हुल नियन्त्रण गर्ने, र

(ङ) क्वारेन्टाइनमा रहेका व्यक्तिहरु कुनै पनि हालतमा भाग्न नदिने र भाग्ने कोशिष गर्न खोज्ने उपर निगरानी र नियन्त्रण गर्ने ।

ख) गर्न नहुने कार्यहरुः

(१) कुनै पनि जिवित प्राणीहरुलाई सम्पर्कमा आउन नदिने,

(२) भेटघाट गर्नु परेको अवस्थामा स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा सुरक्षाको सम्पुर्ण व्यवस्था मिलाएर मात्र भेटघाट गर्ने गराउने,

(३) क्वारेन्टाइनमा राखिएका व्यक्तिहरुको बासस्थानबाट निस्कने फोहोर तथा व्यक्तिगत सामानहरु जथाभागी नफाल्ने, तोकिए बमोजिम मात्र बिसर्जन गर्ने,

(४) क्वारेन्टाइनमा रहँदा बाहिर परिवार तथा मिडियामा अनावश्यक टिका टिप्पणी र अफवाह संप्रेषण नगर्ने ।

१५. क्वारेन्टाइनमा खटिने व्यक्तिहरुले आचारण सम्बन्धी पालना गर्नुपर्ने नियमहरुः (१) क्वारेन्टाइनमा खटिने व्यक्तिहरुले देहायको आचरण पालना गर्नुपर्नेछ ।

क) प्रभावकारी ढंगबाट आर्थिक अनुशासनको पालना गर्दै मितव्ययी तरिकाले कार्य सम्पादन गर्ने,

ख) सम्बन्धित निकायले आफ्नो जिम्मेवारी संवेदनशिल भई समयमा नै कार्यसम्पादन गर्ने र अनुगमन गरी माथिल्लो निकायमा नियमित प्रतिवेदन गर्ने,

ग) स्वास्थ्यकर्मी लगायत अन्य व्यक्तिहरुले क्वारेन्टाइनमा राखिएका मानिसहरुसँग अनावश्यक भेटघाट नगर्ने,

घ) क्वारेन्टाइनमा राखिएका मानिसहरुलाई कुनै पनि जिवित प्राणीहरुको सम्पर्कमा आउन नदिने,

ङ) आवश्यकता र औचित्यको आधारमा मात्र सूचना संप्रेषण गर्ने, र

च) तोकिएको व्यक्तिले मात्र सूचना प्रवाह गर्ने ।

१६. मापदण्ड २ क मा १४ दिन भएपनि गाउँपालिका क्वारेन्टाइनमा रहेका तर PCR Report नेगेटिभ देखिएका व्यक्तिलाई १४ दिन होम क्वारेन्टाइनमा बस्ने गरी स्वास्थ्य शाखालाई सम्बन्धीत वडालाई जिम्मा लगाउने ।

१७. क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुले आउँदा जाँदाको गाडी भाडा स्वयं व्यक्तिले व्यहोर्नु पर्नेछ । आर्थिक अवस्था कमजोर भएका बेखर्ची भई आउन समस्या भएका व्यक्तिहरुलाई गाउँपालिकाले गाडी भाडा खर्च व्यहोर्नेछ वा गाउँपालिकाले गाडी भाडामा लिई सेवा दिइनेछ ।

१८. कोरोना कोषवाट खर्चः- कोरोना कोषवाट देहाय अनुसारको खर्च गरिनेछ ।

(१) क्वारेन्टाइन राख्ने स्थान/ भवन मर्मत सुधार खर्च ।

(२) नयाँ क्वारेन्टाइन निर्माण खर्च ।

(३) खाना /खाजा खर्च ।

(४) क्वारेन्टाइनमा खटिने राष्ट्रसेवक कर्मचारीहरु तथा स्वंयसेवकलाई पारिश्रमिक खर्च।

(५) गाडी संचालन खर्च ।

(६)क्वारेन्टाइनमा खटिएएका सुरक्षाकर्मीको गत आ.व मा छुट, जोखिम प्रोत्साहन खर्च ।

(७) औषधी ।

(८) स्यानिटाइजर, माक्स, PPE सेट, थर्मल गन, डिसइन्फेक्टेड गर्ने भाइरोसिड लगायतका खर्च ।

(९) PCR Test सम्वन्धि सामान , उपकरण सम्वन्धी खर्च ।

(१०) सुचना संचार प्रचार प्रसार सामाग्री र सो सम्वन्धि खर्च ।

(११) क्वारेन्टाइनमा प्रयोग हुने वेड, विस्तार, भाडाकुडा तथा सरसफाईका अन्य खर्च ।

(१२) क्वारेन्टाइनमा खाना, खाजा बनाउन आवश्यक भाँडाकुडा तथा सामान ।

(१३) खाना पकाउने भान्से ।

(१४) यसमा छुट भएको तर अतिआवश्यक कोभिड-१९ (कोरोना भाइरस) नियन्त्रण उपचार सम्वन्धी अन्य खर्च ।

(१५) आइसोलेसन निर्माणको लागी दुई वा सो भन्दा बढी पालिका भित्री संचालन गर्ने भएमा सो आयसोलेसन निर्माणको संयुक्त खर्च  व्यहोर्दा हुन आउने खर्च ।

(१६) क्वारेन्टाइन तथा आइसोलेसन संचालन हुने गाडी चालक सम्वन्धी खर्च ।

(१७) आइसोलेसन कक्ष निर्माण र संचालन खर्च ।

(१८) आयसोलेसन र क्वारेन्टाइनमा खटिने स्वास्थ्य कर्मी सुरक्षा कर्मीको खाना, खाजा खर्च तथा बास खर्च ।

१९. होम क्वारेन्टाइनको व्यवस्थाः- सम्भावित जोखिम भएको व्यक्ति सम्भव भए सम्म नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको नियम पालना गरी आफ्नो घरमा छुटै कोठामा बस्नु पर्नेछ । यसमा वडा अध्यक्षको नेतृत्वमा समिति बनाई अनुगमन गर्नु पर्नेछ । यसमा वडा अध्यक्षले टोल विकास संस्था पनि परिचालन गर्नु पर्दछ ।

२०. एम्वुलेन्स सम्वन्धी व्यवस्थाः- क्वारेन्टाइन र आइसोलेसन संचालन गर्न, कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्वन्धी जोखिम मुक्त सामान ओसारपसार गर्न सम्भावित जोखिम मुक्त व्यक्ति र पि सि.आर पोजेटिभ व्यक्ति ओसारपसार गर्न एम्बुलेन्सको व्यवस्था गरिनेछ । एम्वुलेन्सको व्यवस्था नहुदाँ सम्म उक्त काम मात्र गर्ने गरी निजी गाडी भाडामा लिई संचालन गरिनेछ ।

२१. बचाउः यस अधि भएका कोरोना रोकथाम सम्वन्धि जुनसुकै प्रकारको खर्चहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची — १
**खानाको समय तालिका**

| सि.नं. | समय | खाना | कैफियत |
|---|---|---|---|
| १ | ०७:३०-०८-०० | चिया खाजा | |
| २ | ११:३०-१२:०० | दिवा खाना | |
| ३ | १४:३०-१५:०० | खाजा | |
| ४ | १९:३०-२०:०० | रात्री खाना | |

खानाको व्यवस्था गर्दा स्थानीय उपलब्धतालाई मध्यनजर गरी स्वास्थकर खानाको प्रवन्ध मिलाउनु पर्नेछ ।

**आज्ञाले**
**बिष्णु प्रसाद पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**